**अन्य निर्णयहरु :**

१. तेश्रो नगर परिषद्बाट छनौट तथा विनियोजन गरिएका आ.व.२०७३/०७४ को बजेट तथा कार्यक्रमलाई निम्न बमोजिम शंशोधन सहित पारित गरियो ।

२. आ.व. २०७३/०७४ को बजेट तथा कार्यक्रमलाई बर्षको अन्तसम्ममा पनि खर्च नहुने वा थपघट हुने देखिएमा नगरपालिका बोर्ड बैठकबाट बजेट थपघट वा अन्य शिर्षकमा रकम ट्रान्सफर गर्ने गरी अधिकार दिने निर्णय गरियो ।

३. नगरपालिका स्थापना देखि आ.व.२०७१/०७२ सम्मको नगरपालिकाको लेखा परिक्षण प्रतिवेदन बैठकमा पेश भई छलफल भयो । उक्त सम्बन्धमा असुल गर्नुपर्नेलाई असुलउपर र नियमित गर्नुपर्नेलाई नियमित गर्न नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४. गत विगत गा.वि.स. देखि हालसम्मको पेश्कीको लगत खडा गरी कडाईका साथ पेश्की फछ्र्योट गर्न गराउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

५. विगत आ.व. २०७२/०७३ मा बजेट विनियोजन र कार्य शुरु गरेको तर कार्य सम्पन्न भई नसकेका योजनाहरुलाई यसबर्ष पनि बजेट विनियोजन गरी निरन्तरता दिने निर्णय गरियो ।

६. आ.व. २०७३/०७४ को खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

७. आ.व. २०७३/०७४ को अख्तियारीसाथ प्राप्त मन्त्रालयको बजेट कार्यान्वयन निर्देशिकालाई कार्यान्वयन गरी चालु आ.व.का योजनाहरु संचालन गर्ने निर्णय गरियो

८. यस कार्यालयका तपसिल बमोजिमका भौतिक साधनहरु कार्यालयको प्रयोजन वाहेक अन्य समयमा भाडामा दिनु परेमा निम्न बमोजिम भाडा दर कायम गर्ने निर्णय गरियो ।

   क) प्रोजेक्टर रु.१,०००/- प्रति दिन ।

   ख) टिपर रु.३,१००/- प्रति सिफ्ट (७ घण्टा), इन्धन सम्बन्धित भाडामा लिनेले ।

   ग) जे.सि.वि. रु.१,०००/- प्रतिघण्टा (इन्धन सम्बन्धित भाडामा लिनेले ।)

९. कावासोती नगरपालिकाले तयार गरेका निम्न लिखितका निर्देशिकाहरु स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

   क) एकिकृत सम्पत्ति कर निर्देशिका २०७३ ।

   ख) मर्मत सम्भार कोष निर्देशिका २०७३ ।

   ग) कर्मचारी कल्याण कोष निर्देशिका २०७३ ।

   घ) उपभोक्ता समिति संचालन निर्देशिका २०७३ ।

   ङ) दमकल संचालन निर्देशिका २०७३ ।

   च) कर्मचारी प्रशासन विनियमावली २०७३ ।

   छ) दैविप्रकोप उद्धार कोष विनियम २०७३ ।

   ज) नगर पाश्र्व चित्र २०७३ ।

१०. कावासोती नगरपालिकाबाट तालिम संचालन गर्दा वा अन्य बैठक तथा अनुगमन गर्दा निम्न बमोजिम नर्म्स स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

अ) नगरपालिकाको कामसँग सम्बन्धित बैठक भत्ता अर्थ मन्त्रालयको नर्म्स बमोजिम ।

आ) नगर क्षेत्रमा हुने योजनाहरुको अनुगमन प्रति दिन रु.१,०००/- ।

इ) नगर क्षेत्रमा संचालन हुने तालिम, गोष्ठी, कार्यशाला आदि :

क) सहभागिता भत्ता रु.३००/- ।

ख) प्रशिक्षक भत्ता बाह्य रु.१,५००/-

ग) प्रशिक्षक भत्ता आन्तरिक रु.७००/-

घ) कार्यपत्र तयारी बाह्य रु.१,०००/-

ङ) कार्यपत्र तयारी आन्तरिक रु.८००/-

च) सहभागि खाजा खर्च रु.१५०/- ।

छ) सहभागि खाना खर्च (आवश्यक परेमा मात्र) रु.३००/- (प्रति छाक) ।

ज) सहभागि बास खर्च (आवश्यक परेमा मात्र) रु.१,५००/- (प्रति दिन) ।

झ) सहभागि स्टेशनरी खर्च रु.७५/- ।

ञ) तालिम सामाग्री रु.२,०००/- (तिन दिन सम्म) थप प्रत्येक दिन रु.५००/-

ट) विविध खर्च रु.२,०००/- (तिन दिन सम्म) थप प्रत्येक दिन रु.५००/-

ठ) प्रतिवेदन तयारी रु.२,०००/-

ड) सहयोगी खर्च २ जना सम्म रु.३००/- प्रति दिन ।

ढ) कार्यक्रम संयोजक रु.७००/- प्रति दिन ।

ण) उद्घाटन/समापन खर्च रु.२,०००/-

११. लक्षित वर्गतर्फ छुट्याइएको बजेट लक्षित वर्गको समन्वयमा संचालन गर्ने निर्णय गरियो ।

१२. भवन निर्माण वापत प्राप्त भएको बजेट रु.५० लाख रकमबाट कार्यालयको प्रशासनिक भवन तला थपमा खर्च गर्ने निर्णय गरियो ।

१३. सेवाग्राहीको सुविधाको लागि आवश्यक पर्ने निवेदनका ढाँचाहरु नगरपालिकाले छपाई गरी लागत मुल्यमा विक्री गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१४. तेश्रो नगर परिषदद्वारा स्वीकृत व्यावसाय करलाई निम्नानुसार संशोधन गरी लागु गर्ने निर्णय गरियो ।

क) “क” वर्गको केन्द्रिय कार्यालय यस नगर क्षेत्रमा रहेको बैंक रु.२०,०००/-

ख) “क” वर्गको शाखा कार्यालय यस नगर क्षेत्रमा रहेको बैंक रु.१५,०००/-

ग) “ख” वर्गको केन्द्रिय कार्यालय यस नगर क्षेत्रमा रहेको बैंक रु.१५,०००/-

घ) “ख” वर्गको शाखा कार्यालय यस नगर क्षेत्रमा रहेको बैंक रु.१०,०००/-

ङ) “ग” वर्गको केन्द्रिय कार्यालय यस नगर क्षेत्रमा रहेको बैंक रु.१०,०००/-

च) “ग” वर्गको शाखा कार्यालय यस नगर क्षेत्रमा रहेको बैंक रु.५,०००/-

१५. ई-रिक्सालाई बार्षिक कर रु.५००/-

१६. तपसिल बमोजिमका योजनाहरु यस कार्यालयको बजेटबाट संचालन गर्न बजेट अपर्याप्त भएको हुँदा तपसिल बमोजिमका निकायहरुमा योजना माग गरी पठाउने निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | योजनाको नाम | माग गर्ने निकाय |
|---|---|---|
| १. | कालिका मा.वि. | जि.वि.स. सभाषद् कोष (क्षेत्र विकास कोष) |
| २. | वडा नं.३ नवदुर्गा पश्चिम राममन्दिरसम्मको बाटो कालो पत्रे | जि.वि.स. सभाषद् कोष (क्षेत्र विकास कोष) तथा भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय |
| ३. | वडा नं.२ ओम शान्ती मार्ग कालो पत्रे | जि.वि.स. सभाषद् कोष (क्षेत्र विकास कोष) तथा भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय |
| ४. | वृद्धवृद्धा, महिला तथा बालबालिका केयर नेपालको भवन निर्माण | शान्ती तथा पुनः निर्माण मन्त्रालय |
| ५. | कावासोती युवा क्लब भवन तथा पार्क निर्माण | शान्ती तथा पुनः निर्माण मन्त्रालय |
| ६. | आदिवासी जनजाती एकता मञ्च | |
| ७. | योङ्ग स्टार क्लब | |
| ८. | मध्यविन्दु बहुमुखी क्याम्पसमा भौतिक पूर्वाधार निर्माण | |
| ९. | सहिद स्मृति सामुदायिक माध्यमिक विद्यालय | |

१७. जाँचपाँस तथा फरफारक समितिले गरेको योजनाहरुको फरफारक समर्थन गर्ने निर्णय गरियो ।

१८. तेश्रो नगर परिषद्बाट तोकिएका दरहरुलाई नै यथावत राख्ने निर्णय गरियो ।